राष्ट्रपतिलाई सत्तापक्षको मात्रै धन्यवाद

काठमाडौ, जेठ ८ (नागरिक)- प्रतिनिधिसभा र राष्ट्रियसभाका छुट्टाछुट्टै बैठकबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेको प्रति राष्ट्रपतिलाई धन्यवाद प्रस्ताव पारित भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १ गते संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको सन्दर्भमा राष्ट्रपतिलाई बहुमतबाट धन्यवाद दिइएको छ। तर दुवै सभाका बैठकमा प्रमुख प्रतिपक्षी कांग्रेसले वेलमा गएर नाराबाजी गरेकाले सभामुख र अध्यक्षले राखेको धन्यवादको प्रस्ताव सर्वसम्मत रूपमा पारित हुन सकेन। सत्तापक्षका सांसदले मात्र समर्थन गरेकाले धन्यवाद प्रस्ताव बहुमतले पारित भयो। कांग्रेसले राष्ट्रपतिलाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिए पनि धन्यवाद प्रस्ताव पारितमा भाग लिएन। 'अन्तरिम संविधान २०६३ पछि नीति तथा कार्यक्रम प्रस्तुत गरेको विषयमा धन्यवाद प्रस्ताव पारित गर्दा प्रतिपक्षले अवरोध गरेको पाइँदैन,' संसद् सचिवालयका एक अधिकारीले भने।

मंगलबार दिउँसो बसेका दुवै सभाको बैठकमा सहकारी प्रकरणमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संसदीय छानबिन गर्नुपर्ने माग राखी प्रमुख प्रतिपक्षी कांग्रेसले नाराबाजी जारी राखेको थिए। गत जेठ १ गते संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। दुवै सभाका बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपतिबाट भएको सम्बोधनको प्रति टेबुल गरेका थिए। बेलामा नाराबाजी गरेको कांग्रेसलाई मर्यादापालकले घेराबन्दीमा राखेका थिए। प्रधानमन्त्री रोस्ट्रममा जाने बेलामा प्रतिनिधिसभामा भने कांग्रेसले बाटो छेक्ने प्रयास गर्दा केहीबेर प्रधानमन्त्री रोकिएका थिए। प्रधानमन्त्रीले रोस्ट्रममा पुगेर सम्बोधनको प्रति टेबुल गरेपछि सभामुखले प्रतिनिधिसभामा धन्यवादको प्रस्ताव प्रस्तुत गरेका थिए। धन्यवादको प्रस्तावमा सत्तापक्षका सांसदले नाराबाजी गरेका थिए। नेमकिपाका प्रेम सुवाल धन्यवाद प्रस्तावको विपक्षमा उभिए।

राष्ट्रियसभामा पनि सत्तापक्षका सांसद मात्रै धन्यवाद प्रस्तावको पक्षमा उभिएका थिए। कांग्रेस सांसदहरू वेलमा नाराबाजी गरेका थिए। धन्यवाद प्रस्तावमा भनिएको थियो, 'सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बठैकलाई सम्वत् २०८१ जठे १ गते मंगलबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधिसभाको यो बठैक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ।'

बैठकको सुरुमा कांग्रेसले आफ्नो भनाइ राखेपछि प्रधानमन्त्रीलाई राष्ट्रपतिबाट भएको सम्बोधनको प्रति टेबुल गर्न सभामुखले बोलाएका थिए। सभामुखले प्रधानमन्त्रीलाई बोलाएलगत्तै कांग्रेस सांसदहरू वेलमा आएर नाराबाजी गरेका थिए। कांग्रेसका सांसद बद्रीप्रसाद पाण्डेले एक वर्षभित्र प्रधानमन्त्रीले पटकपटक विश्वासको मत लिनुपर्ने अवस्था आउनु विश्वास कि अविश्वास भन्दै प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए।

उनले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ पुर्जी जारी भए पनि पूर्वाग्रह राखेर कारबाही गरे कांग्रेसले नसहने बताए। उनले भने, 'कानुनी दायरामा हरेक नागरिकलाई ल्याउनुपर्छ तर आग्रह र पूर्वाग्रह राखेर कसैमाथि कारबाही भयो भने नेपाली कांग्रेसले राणालाई सहेन, राजालाई सहेन, कसैलाई पनि सहँदैन त्यो पनि म जानकारी गराउन चाहन्छु।' उनले संसदीय छानबिन समितिको कार्यादेश नबनेसम्म संसद् बैठक नचल्ने बताए।

सगरमाथा शिखरमा सशस्त्रका इन्स्पेक्टर

काठमाडौं, जेठ ८ (नागरिक)- सीमा सुरक्षाको सन्देश दिँदै सशस्त्र प्रहरी बल, नेपालका प्रहरी निरीक्षक सुरज पौडेलले सगरमाथाको शिखर चुमेका छन्। सशस्त्र प्रहरी बलेको नेपालको इतिहासमा पहिलोपटक सीमा सुरक्षाको सन्देश बोकेर संगठनको प्रतिनिधित्व गर्दै इन्स्पेक्टर पौडेलले सोमबार बिहान विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गरेका हुन्।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी बलका कर्मचारीले सगरमाथाको शिखर चुम्नु आफैंमा ठुलो उपलब्धि भएको र उत्तरीतर्फको सीमासुरक्षाको उपल्लो तहसम्म सशस्त्र प्रहरीको उपस्थिति रहेको सन्देशसमेत दिइएको बताए। 'संगठनले यसलाई ठुलो उपलब्धिको रूपमा लिएको छ, सीमानाको अग्लो भू-भाग सगरमाथामा मात्र होइन सबैभन्दा होचो भूभागमा पनि सोमबारै हाम्रो टोली पुगेर गस्ती गरेको छ, यी दुवै क्षण संगठनका लागि गौरवका विषय हुन्,' आइजिपी अर्यालले भने।

सशस्त्र प्रहरी बलले दिएको जानकारीअनुसार सोमबार बिहान १० बजे इन्स्पेक्टर पौडेलले सगरमाथा आरोहण गरेका हुन्। शेर्पा एक्सट्रिम प्रालिमार्फत इन्स्पेक्टर पौडेल सगरमाथामा आरोहणका लागि गत चैत ३० गते त्यसतर्फ गएका थिए। उनले यसबीच सगरमाथासँगै रहेको लुबुचे हिमालको समेत आरोहण गरेका थिए। गत जेठ ३ गते पौडेलसहितको आरोहण टोली सगरमाथाको चुचुरोतर्फ प्रस्थान गरेको थियो। 'इलाइट एक्पेड नेपाल एपिएफ एभरेस्ट एक्सपिडिसन २०२४' टिमको नेतृत्व गर्दै उनी त्यसतर्फ गएका थिए।

'सशस्त्र प्रहरी बल, नेपालले उत्तरतर्फको कठिन भूगोलमा समेत आफ्नो उपस्थिति जनाउँदै लगेको अवस्थामा यस आरोहणले आगामी दिनमा हिमाली भेगमा हुने विपद् व्यवस्थापन कार्यमा समेत सहयोग पुग्ने संगठनले अपेक्षा लिएको जनाएको छ। हिमाली भेगमा हुने विपद् व्यवस्थापन उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले सशस्त्र प्रहरी बल, नेपालले पर्वतीय उद्धार तालिम शिक्षालय स्थापना गरिसकिएको छ। यसबाट दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएअनुरूप सगरमाथाको सफल आरोहणले त्यस प्रकारका तालिमलाई समेत गुणस्तरीय बनाउन मद्दत पुग्नेछ।

विश्वको सर्वोच्च शिखर सगरमाथा सीमा क्षेत्रसमेत रहेकाले नेपालको होचो भू-भाग झापा जिल्लाको केचना कवलदेखि सीमाको अधिकतम उचाइसम्म सशस्त्र प्रहरी बल, नेपालको उपस्थितिको रूपमा समेत संगठनले यसलाई लिएको जनाएको छ। सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार जेठ ७ गते सोमबार १०:२० बजेको समयमा सशस्त्र प्रहरी निरीक्षक सुरज पौडेलले उत्तरी सीमानामा पर्ने विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकै समयमा दक्षिणी सीमाना नजिक पर्ने झापाको ५८ मिटर उचाइमा रहेको केचनाकवलमा सशस्त्र प्रहरी गस्तीका लागि पुगेका थिए। 'केचनाकवलमा रहेको बिओपी केचनाबाट सशस्त्र प्रहरी निरीक्षक केशव मैनाली कमान्डको टोली पुगेको छ,' सहायक प्रवक्ता डिएसपी थापाले भने। उनका अनुसार सबैभन्दा अग्लो र होचो भू-भागमा सशस्त्र प्रहरीका अधिकृत तथा गस्ती टोली एकैसाथ पुगेका छन्।

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre

Invitation for E-Bids

First Date of publication: 2081/02/09

1. **Panauti Municipality, Office of the Municipal Executive** invites electronic bid from eligible bidders for the construction of **following works** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Panauti Municipality, Office of the Municipal Executive, Panauti Municipality-4,Taukhal, Kavre,** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Bidding Details

S. N.	Contract identification and number	Description of works	Estimated Value (Without VAT, General Items and Contingencies)	Bid Security NRs.	Remarks
1	Monument/57/2080/81	Painting work on the temples pati and other monuments of preserved monument area	25,42,697.47	75,000.00	
2	PHCpanauti/58/2080/81	Upgrading of Panauti Health Post Building	74,59,398.42	2,15,000.00	

Chief Administrative Officer

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी-१, धादिङ

आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थको उत्खनन तथा विक्री करका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०९

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ को व्यवस्था बमोजिम मलेखु, बेल्खु,दरियालर त्रिशुली नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

सि.नं	बोलपत्र नं.	बोलपत्रको नाम	आ.व. २०८१/०८२ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर वाहेक)	उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण	बोलपत्र दस्तुर	धरौटी रकम
१	GRM/G/ NCB-01/ 2081/82GRM/ G/ NCB–01/2081/82	ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो उत्खनन तथा विक्री शुल्क उठाउने कार्य।	३,७३,३५,७१६.०० तीन करोड त्रिहत्तर लाख पैतिस हजार सात सय सोह्र रुपैया मात्र)	खोला खानी क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा (१,१८,१८८.४ घन मिटर)	रू. ५०००	कवोल अंकको ५ प्रतिशत

शर्तहरू:

१. बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७९/०८०को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं.१०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिनको दिउँसो १२:०० बजे भित्र विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ। बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२. आफुले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा मा रहेको धरौटी खाता नं. १०५०१००३०३००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १२:१५ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १६ औं दिन दिनको ११:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सो बैठक उक्त दिनको भोलिपल्ट सोही समयमा हुनेछ।

५. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो र तेस्रो किस्ताबापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन क्ष्भ्प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

७. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि आ व २०८१/०८२ मा यस कार्यालयसंग ठेक्का संझौता भएको मितिदेखि २०८२ आषाढ मसान्त सम्म रहनेछ।

८. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन।यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न दिईने छ।

९. गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ। कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१०. ठेक्काको बाँकी दुई किस्ता रकम मध्ये क्रमशः दोस्रो किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८१ पौष मसान्तभित्र रतेस्रो तथा अन्तिम किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८२ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ।

११. उल्लेखित शर्त पूरा नभएको बोलपत्रहरूलाई मूल्यांकनमा समावेश गरिने छैन। यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम ठेक्का स्विकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८१/०२/०९

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाईनान्स लि.) को शाखा कार्यालय महेन्द्रचौक, विराटनगरबाट तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति बि.स. २०८०/०४/३२ गते नागरिक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति २०८०/११/०१ गतको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचौक, विराटनगरमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा र अल्पकालिन कर्जा

ऋणीको नाम : न्यू लक्की फेन्सी बुटिक सेन्टर
रजिष्ट्रेसन नं. : २९१५१/०७३/७४ (नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगर)
रजिष्टर्ड ठेगाना : बिराटनगर-१२, मोरङ्ग
प्यान दर्ता नं. : ६०५७१८८४७

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : महमद लुकमान
बाबु : महमद कुरमान
बाजे : महिद मियाँ
ठेगाना : बिराटनगर उ.म.न.पा.-११, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : १११११९
जारी मिति : २०६५/१२/०४
जि.प्र.का. : मोरङ्ग

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : महमद कुरमान मियाँ
बाबु : महिद मियाँ
बाजे : रहमद मियाँ
ठेगाना : बिराटनगर उ.म.न.पा वडा नं ११, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : ११७९
जारी मिति : २०३६/११/३०
जि.प्र.का. : मोरङ्ग

२. नाम : मो.रिजवान
बाबु : महमद कुरमान मियाँ
बाजे : महिद मियाँ
ठेगाना : बिराटनगर उ.म.न.पा वडा नं ११, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : ७९२८४
जारी मिति : २०६३/०३/०६
जि.प्र.का. : मोरङ्ग

३. नाम : मो.ईमरान
बाबु : महमद कुरमान मियाँ
बाजे : महिद मियाँ
ठेगाना : बिराटनगर उ.म.न.पा वडा नं ११, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-६९-००८५७
जारी मिति : २०६९/०१/१२
जि.प्र.का. : मोरङ्ग

४. नाम : तैमुन खातुन
बाबु : फुलो मियाँ
ससुरा : महिद मियाँ
पति : महमद कुरमान मियाँ
ठेगाना : बिराटनगर उ.म.न.पा वडा नं ११, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : ४५३
जारी मिति : २०४६/०२/१६
जि.प्र.का. : मोरङ्ग

५. नाम : अन्जना दियाली
बाबु : कुल बहादुर दियाली
ससुरा : महमद कुरमान मियाँ
पति : महमद लुकमान
ठेगाना : बिराटनगर उ.म.न.पा वडा नं ०८, मोरङ्ग
हाल : बिराटनगर म.न.पा.-०८, मोरङ्ग
ना.प्र.नं. : ०५-०१-७०-१५९१४
जारी मिति : २०७०/०३/२६
जि.प्र.का. : मोरङ्ग

धितो राखिएको सम्पत्ति विवरण

१. धितो सुरक्षण धनीको नामः– तैमुन खातुन

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
मोरङ्ग	बिराटनगर	६/६	२५१६	०-०-११-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

ऋणि **न्यू लक्की फेन्सी बुटिक सेन्टर** ले लिएको ऋणकर्जाको लागि माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको बिवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्तिदिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतःजफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदाबाहेक) पुनःलिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचौक, विराटनगरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०२/१७ गते, बिहीबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचौक, विराटनगर।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८